# गौमुखी गाउँपालिकामा खेलकुद शिक्षक व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७९

**गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०९/२८**

गौमुखी गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुमा खेल शिक्षक व्यवस्थापन कार्य व्यवस्थित, मर्यादित र प्रभावकारी रुपमा सञ्चालन गर्न गौमुखी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरिएको छ ।

परिच्छेद - १

**संक्षिप्त नाम र प्रारम्भ**

(१) संक्षिप्त नाम :- यस कार्यविधीको नाम गौमुखी गाँउपालिका अन्तर्गतका माध्यमिक विद्यालयमा खेलकुद शिक्षक सञ्चालन तथा ब्यवस्थापन सम्बन्धि कार्यविधि सम्झनु पर्दछ ।

(२) यो कार्यविधि कार्यपालिकाको निर्णय पछि तुरुन्त लागु हुनेछ।

परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) विद्यालय भन्नाले यस गौमुखी गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ ।

(ख) कार्यविधि भन्नाले गौमुखी गाउँपालिकामा खेलकुद शिक्षक व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७९ सम्झनु पर्दछ ।

(ग) खेलकुद शिक्षक छनोट समिति भन्नाले : दफा ५ बमोजिम गठित समिति सम्झनुपर्दछ ।

(घ) गा.पा. भन्नाले :- गौमुखी गाँउपालिकाको कार्यालय, प्युठानलाई जनाउँछ।

(ङ) खेलकुद शिक्षक भन्नाले माध्यमिक विद्यालयमा खेल शिक्षा उपलब्ध गराउने गरी व्यवस्था भएको शिक्षक सम्झनु पर्दछ ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझ्नुपर्दछ ।
(छ) शिक्षा अधिकृत भन्नाले गौमुखी गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्दछ ।

(ज) कार्यपालिका भन्नाले गौमुखी गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(झ) परीक्षा भन्नाले खेलकुद शिक्षक छनोटको लागि समितिको निर्णयबमोजिम सञ्चालन गरिने देहाय बमोजिमको प्रतियोगितात्मक परीक्षा सम्झनुपर्दछ ।

१. लिखित(वस्तुगत र विषयगत)
२. अन्तर्वार्ता

## परिच्छेद — २

### खेलकुद शिक्षक सम्बन्धि व्यवस्था,छनौट तथा सिफारिस समिति र अन्य समिति

३. यस गाउँपालिका भित्रका विद्यालयमा प्रदेश सरकारबाट मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रमबाट प्राप्त हुने रकम बाट व्यहोर्ने गरी खेलकुद शिक्षक व्यवस्था गरिनेछ ।
४. खेलकुद शिक्षकको लागि आवश्यक योग्यता देहाय बमोजिमको हुनुपर्नेछ ।
क) नेपाली नागरिक
ख) योग्यता : १०+२ वा सो सरह उत्तिर्ण
ग) उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
घ) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको ।

५. समितिको गठन : खेलकुद शिक्षक छनौट परीक्षा समितिमा तपसील बमोजिमका सदस्यहरु रहने व्यवस्था हुनेछ ।
क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

ख) आधारभुत /माध्यमिक तहमा सामाजिक विषय  अध्यापन गराउने शिक्षक २ जना (विषय विज्ञ / सामाजिक शिक्षक) - सदस्य

ग) शिक्षा शाखा प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी —सदस्य सचिव

६. समितिको काम कर्तव्य र अधिकार : छनोट तथा सिफारिस समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) तोकिएको पद र संख्यामा सेवा करारको लागि तोकीएको मितिमा प्रतियोगितात्मक परीक्षा सञ्चालन गर्ने ।

ख) लिखित परीक्षामा उत्तिर्ण भएका उम्मेद्वारहरुको आवश्यक संख्यामा वर्णानुक्रम अनुसार नामावली प्रकाशन गर्ने र अन्तर्वार्ता लिने ।

ग)परीक्षामा उत्तिर्ण भएका उम्मेद्वारहरुमध्ये योग्यताक्रम सूची प्रकाशन गर्ने र मुख्य उम्मेद्वार र वैकल्पिक उम्मेद्वारको सिफारिस गर्ने ।

## परिच्छेद — ३

## पाठ्यक्रम,परीक्षा,अन्तर्वार्ता तथा सिफारिस सम्बन्धि व्यवस्था

७. खेलकुद शिक्षकको परीक्षाका लागि देहाय बमोजिमको  पाठ्यक्रम हुनेछ ।

क) बस्तुगत  ४०

ख) बिषयगत  ६०

ग) अन्तर्वार्ता  २५

क) लिखित परीक्षाको पाठ्यक्रम ढाँचा,विषय क्षेत्र र अंकभार

| क.स | विषय क्षेत्र | प्रश्नको प्रकार | पुर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंक भार | जम्मा अंक भार | समय |
|---|---|---|---|---|---|---|---|
| १ | खेलकुद सम्बन्धि  आधारभुत विषय | बस्तुगत | १० | ५ | २ | १० | |
| २ | नेपालको संविधान,शिक्षा ऐन तथा नियमावली | बस्तुगत | १० | ५ | २ | १० | |
| ३ | नेपालको भुगोल | बस्तुगत | ४ | २ | २ | ४ | |
| ४ | नेपालको सांस्कृतिक,धार्मिक र सामाजिक अवस्था | बस्तुगत | ६ | ३ | २ | ६ | |
| ५ | राष्ट्रिय महत्वका समसामयिक घटनाक्रम तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदका | बस्तुगत | १० | ५ | २ | १० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गतिविधिहरु | | | | | | |
| ६ | स्वास्थ्य तथा शारिरीक शिक्षा शिक्षण विधि,प्रक्रिया, ,कार्यान्वयन पद्धति,अभ्यास र मुल्याङ्कन | विषयगत | ३० | ३ | १० | ३० | |
| ७ | खेलकुदका विविध विधाहरु सम्बन्धि विषयगत ज्ञान | विषयगत | ३० | २ | १५ | ३० | |

द्रष्टब्य :

१.वस्तुगत परीक्षाको लागि ४५ मिनेट समय निर्धारण गरिएको छ ।

२. विषयगत परीक्षाको लागि २ घण्टा १५ मिनेट निर्धारण गरिएको छ ।

३. वस्तुगत प्रश्नहरुको गलत उत्तर दिए गलत उत्तर वापत अंक कट्टा गरिनेछ

४. वस्तुगत परीक्षामा अनुत्तिर्ण भएमा विषयगत परीक्षामा सहभागि हुन पाइने छैन ।

ख) अन्तर्वार्ता : २५ अंक — ( पुर्णाङ्क : २५ उत्तीर्णाङ्क : १०)

अन्तर्वार्ताका लागि छुट्याइएको २५ अंक देहाय बमोजिम दिइनेछ ।

१. सम्बन्धित गाउँपालिकाको स्थायी बासिन्दा भएमा बढीमा १० अंक दिइनेछ ।
२. अन्तर्वार्ता वापत वढीमा १५ अंक
३. तर अन्तर्वार्ताको अंक दिँदा कुनै उम्मेद्वारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपर्ने भएममा त्यस्तो अंक दिनुपर्ने स्पष्ट कारण खुलाउनुपर्नेछ ।अन्तर्वार्ता मध्येको १५ अंक दिँदा तपशिलका आधारमा दिइनेछ ।

   क) विषयगत ज्ञान : ५ अंक ख) प्रस्तुतीकरण : ५ अंक ग) सामान्यज्ञान : २ अंक

   घ) खेल संग सम्बन्धित तालिम,पदक,अनुभवको प्रमाणपत्र : ३ अंक

८. नतिजा विवरण प्रकाशन :

८.१ दफा ७ बमोजिम सबै भन्दा बढी अंक ल्याउने उम्मेदवारहरु दफा ५ बमोजिमको समितिको सिफारीसको आधारमा कार्यालयले उम्मेदवारको रोल नं.,नाम थर,काम गर्न तोकिएको विद्यालय आदि समेत उल्लेख गरी योग्यताक्रमको आधारमा नतिजा प्रकाशन गर्नेछ ।

८.२ सोहि नतिजाको आधारमा परीक्षा समितिले सम्बन्धित संस्थाको समितिलाई बैकल्पिक करारको समेत सूची राखी नियुत्ती को लागि सिफारिस गर्नेछ ।

९. नियुक्ति : दफा ७ अनुसार सिफारीस भएको व्यक्तिलाई संस्थाले करारमा नियुक्ति गर्नेछ ।

१०. कार्य शर्त,पारिश्रमिक र अवधि :

१०.१ यस कार्यविधि अनुसार सेवा करारमा नियुक्ति गरिएका खेल शिक्षकको पारिश्रमिक गाउँपालिकाको नियमानुसार हुनेछ ।

१०.२ करार समाप्ति प्रत्येक आर्थिक वर्षको असार मसान्तमा हुनेछ ।

११. खेलकुद शिक्षकको लागि न्युनतम मापदण्ड :

११.१ गौमुखी गाउँपालिका अन्तर्गतका माध्यामिक विद्यालयमा मात्र खेल शिक्षक व्यवस्थापन गरिनेछ ।

१२ विज्ञापन सम्बन्धि व्यवस्था :

१२.१ गाउँपालिकाबाट खेलकुद शिक्षकको लागि एकमुष्ट विज्ञापनको सूचना गरिनेछ । निवेदकको निवेदन र अनुसूची १ अनुसारको दरखास्त फाराम संकलन गा.पा. को कार्यालयमा गरिनेछ र नतिजाको प्रकाशन योग्यताको क्रमको आधारमा रोजेको विद्यालयमा जान पाउने गरि प्रकाशन गरिनेछ ।

१३. बाधा अडकाउ फुकाउने अधिकार

१३.१ यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध सिर्जना भएमा त्यस्तो बाधा अडकाउ फुकाउने पूर्ण अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

१३.२ यस कार्यविधिको कुनै दफा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भई प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले
खुम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत